"चौकुने दिगो विकासको मुल आधार शुसासन समृद्धि र पर्याप्त पुर्वाधार"

# आर्थिक वर्ष २०७५।०७६

# को

# बजेट बक्तव्य

# स्थानीय सरकार

# चौकुने गाउपालिका, सुर्खेत

# कर्णाली प्रदेश

२०७५

# चौकुने गाउँसभामा मिति २०७५ अषाढ १० गते
# उपाध्यक्षश्री निर्मला मगरले
# प्रस्तुत गर्नुभएको

## आर्थिक बर्ष २०७५।०७६
## को
## बजेट बक्तब्य

## स्थानिय सरकार
## चौकुने गाउँपालिका, सुर्खेत
## कर्णाली प्रदेश
## २०७५

**गाउँ सभाका सम्माननीय अध्यक्ष महोदय,**

(१) चौकुने गाउँपालिकाको उपाध्यक्षको हैसियलमा यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०७५।०७६ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्सित छु । यस अवसरमा राजनिति परिवर्तनका लागि जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रती हार्दिक श्रद्धान्जली व्यक्ति गर्दछु । त्यसैगरी राष्ट्रियता , स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय र समृद्धिको मार्गचित्र कोर्न संघर्ष गर्ने महान नेपाली नागरीक र सबल नेतृत्व गर्नुहुने शिखर व्यक्ति प्रति हार्दिक सम्मात व्यक्त गर्न चाहान्छु ।

(२) लामो समयको नेपाली जनताको संघर्षबाट जनताको चाहना अनुरुप संघिय स्वरुपको समावेसी जनप्रतिनिधी मुलक स्थानीय सरकार प्रणाली स्थापना भएको छ । राज्यको यस संरचनालाइ हामीले सफलता पुर्वक नेतृत्व प्रदान गर्न सकेनौ भने यस संरचना प्रति प्रश्न चिन्ह खडा हुनेछ । जसको कारण तपाई हाम्रो असक्षमताले संघियता धरापमा पर्न सक्छ । त्यसैले विकास र समृद्धिको अभिरल यात्रामा इमान्दारीता पुर्वक लामवद्ध भएर लाग्न सम्पूर्ण चौकुने वासिलाई आग्रह गर्दछु ।

(३) हामी निर्वाचीत भएर जनताको सुखः दुखमा हातेमालो गर्दै विकासको लहरमा समाहित भएको आज एक वर्ष १ महिना ४ दिन पुगेको छ । यस अवसरमा चौकुनेको आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय विकासमा आ आफ्नो तह तप्कावाट भुमिका निर्वाह गर्ने तपाई सम्पुर्ण गाउँसभाका सदस्य, चौकुनेवासी जनता बुद्धिजिवी, उद्यमी, व्यवसायी, कर्मचारी लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लडाइमा आफ्नो ज्युज्यान अर्पण गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । चौकुनेको सर्वाङ्गीण विकासका खातीर सधै पथ प्रदर्शकको भुमिका निर्वाह गर्नुहुने सम्पुर्ण आदरणिय अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

(४) यो सरकार चौकुनेका जनताको अपार तथा उत्साहपुर्ण सहभागीताको परिणाम हो । त्यसैले यो सरकार चौकुने वासीको आशा र भरोसाको केन्द्रविन्दु पनि हो । यो सरकारले चौकुनेका जनताको सेवा, सुरक्षा, समृद्धि र शुखका लागि अहोरात्र लागिपर्ने निति अवलम्बन गरेको छ । सानातिना दुखः, बाधा र व्यवधानका वावजुध पनि चौकुनेको सर्वपरि हित र अग्रगामी प्रगतिका लागि यो सरकार चट्टान झैं अडिग रहने विश्वास दिलाउन चाहान्छु ।

(५) आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान २०७२ संघिय सरकार को निति तथा कार्यक्रम २०७५।०७६, प्रदेश सरकारको कार्यक्रम २०७५।०७६, स्थानीय सरकार संचालन ऐन, आर्थिक ऐन, विनियोजन विधयक, आर्थिक विधयेक, कार्यपालिलकाका सदस्य र सभाका सदस्यहरुले दिनुभएका सुझाव तथा अन्य विषयगत कार्यालयका सुझावहरु सहित विभिन्न राजनैतिक दल, पेशा व्यावसायी, संघ संस्था, बुद्धिजिवि वर्ग बाट प्राप्त रचनात्मक सुझावहरुलाई मार्ग दर्शकको रुपमा लिएको छु ।

(६) अध्यक्ष महोदय अब म चौकुने गाउँपालिकाको आ.ब. २०७४।०७५ को विषयगत क्षेत्रहरुको संक्षिप्त समिक्षा सम्मानीत सभा समक्ष पेश गर्न चाहान्छु ।

(७) कानुनी व्यवस्था अनुसार अघिल्लो आ.ब. को असार १५ मै बजेट ल्याएर हामिले कार्यान्वयनमा अपेक्षीत उपलब्धि हासिल गरेका छौं । गत आ.ब.माहामीलाई संघिय सरकारको समानिकरण अनुदान रु. ३० करोड ९५ लाख र हाम्रो राजश्व अनुमान १० लाख सहित रु ३१ करोड ५ लाख कुल बजेट विनियोजन गरेका थियौ । जसमध्ये शर्सत रु. ९०६०७००० र निसर्थ रु. २१८९७०००० थियो । निसर्थ मध्ये चालु रु. ३४६८२६९६ र पुजीगत रु. १८ करोड ४८ लाख ३२ हजार विनियोजन गरेका थियौ।

(८) त्यसैगरी चौकुने गाउँपालिकाकाको सम्पुर्ण आर्थिक क्षेत्रको विकासका लागि रु. १ करोड ४१ लाख ४२ हजार , भौतिक पुर्वाधारका लागि रु ११ करोड ६३ लाख ६० हजारसामाजिक क्षेत्रकोल विकासका लागि रु. २ करोड ८२ लाख २० हजार र वातावरण तथा विपत व्यवस्थापनका लागि रु. ४० लाख ९० हजार र संस्थागत विकासका लागि रु. २ करोड २० लाख २० हजार बजेट विनियोजन गरेका थियौ ।

(९) नेतृत्वको कुशल पहरेदारी, जनताको निरन्तर खवरदारी र कर्मचारीको कार्यकुशलताका कारण हाामीले गत आ.ब. २०७४।०७५ का करिब ६०० योजनाहरु कुशलतापुर्वक सम्पन्न गरेका छौं । जसको श्रेय चौकुने वासी सम्पुर्ण जनतालाई जान्छ ।

(१०) अध्यक्ष महोदय सम्मानीत सभालाई यस घडिमा हाम्रो वर्तमान वजेटको सिमाको वारेमा जानकारी गराउँदा म साह्रै दुखी छु । गत आ.ब. को जस्तै यस पाली हामी खुला मनले बजेट विनियोजन सकिरहेका छैनौं । अनुदान घटेर आएका कारण हामीपनि केही हदसम्म खुम्चीएका छौ । आगामी आ.ब. ०७५।०७६ को राजश्व अनुमान २० लाख सहित प्रदेश र संघिय सरकारको कुलअनुदान गरेर जम्माजम्मी हामीसँग २९ करोड ५५ लाख २१ हजारगरी जम्मा बजेट २९ करोड ७५ लाख २१ हजार बजेट छ। यसमा शसर्त रु. ११ करोड ३२ लाख र निसर्त रु. १८ करोड ४३ लाख २१ हजार छ । निसर्त तर्फको बजेट मध्ये चालु रु. ५ करोड ४ लाख ६४ हजार र पुँजीगत रु. १३ करोड ३८ लाख ५७ हजार विनियोजन गरेका छौ ।

(११) अध्यक्ष महोदय अव म आर्थिक वर्ष ०७५।०७६ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु ।

(१२) बजेटका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।

(क) भौतिक पुर्बाधारले सम्पन्न चौकुने निर्माण गर्ने ।

(ख) सामाजिक समानता र समता कायम गर्ने ।

(ग) जनताको जिवन स्तरलाई उन्नत पार्ने ।

(घ) बेरोजगारी न्युनिकरण गर्ने ।

ङ. समाजबाद उन्मुख सामाजिक तथा आर्थिक संरचना तयार गर्ने ।

(१३) आर्थिक बर्ष ०७५।०७६ को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

(क)सडक, यातायात, खानेपानी, सिचाई, उर्जा, जलश्रोत, सहरी पुर्वाधार, सुचना संचार तथा प्रविधि जस्ता भौतिक पुर्वाधारको द्रुत विकास गर्ने ।

(ख)कृषि, बन, जडिबुटी, पर्यटन र उद्योगको समुचित विकास गर्ने ।

(ग) शिक्षा स्वास्थ्य र खेलकुद जस्ता सामाजिक क्षेत्रको विकास गर्ने ।

(घ) शान्ति सुरक्षा र सार्वजनिक सेवाको गुणस्तरमा बृद्धि गर्दै नागरीकलाई शुसासनको प्रत्याभुति दिलाउने ।

(ङ) मानविय संसाधनको विकास गर्ने ।

(च) स्थानीय सरकार संचालन सम्बन्धि आवश्यक कानुनहरु निर्माण गर्ने ।

(छ)चौकुनेको समग्र विकासको मार्गचित्र तयार गरी गरीवि र पछ्यौटेपन न्युनिकरण गर्ने ।

(१४) चौकुने सरकारले बजेटका उद्देश्य हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न प्रदेश, संघ र स्थानीय जनतासँग समन्वय र साझेदारी गर्नेछ । उपलब्ध पुजी, सिप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिने छ ।

(१५) जनताको पुर्ण सहभागीता, सुशासन, जनताप्रति जवाफदेही, भ्रष्टाचार मुक्त, सु-व्यवस्थित एवं कर्तव्यनिष्ठ समाज हाम्रो मुल मन्त्र हुनेछ ।

(१६) समृद्धि हाम्रालागि मृगतृष्णा मात्र हुन सक्दैन त्यसैले विकास वाहेक सम्मृद्धि प्राप्त गर्ने अर्को कुनै विकल्प हुन सक्दैन । विकासका लागि बजेट मात्र ठुलो कुरो रहेनछ । बरु विकास प्रतिको हाम्रो सोच लगनशिलता प्रमुख जिम्मेवार रहेछ । तसर्थ हामी चौकुने वासिको विकास प्रेमी सोचलाई साच्चिकै विकासको यथार्थ धरातलमा उतार्ने निति तथा कार्यक्रम अवलम्बन गरिनेछ ।

(१७) स्थानीय सरकार सञ्चालनका लागि नेपालको संविधान २०७२ ले प्रदान गरेका अधिकारहरुको प्रयोग गरि आवश्यक निति, नियम र कानुन बनाई चौकुने वासीलाई कानुनी सरकारको प्रत्याभुति गराईनेछ ।

(१८) सुन्दर चौकुने निर्माणका लागि चौकुनेका विपन्न वर्गहरुको घरहरुको स्थरउन्नती गर्न क्रमशः आवश्यक व्यवस्था गरिनेछ ।

(१९) हाम्रो समाजमा व्याप्त लैंगिक विभेदलाई अन्त्य गर्न छोरी सुरक्षा सम्बन्धि निति अगाडी बढाईनेछ ।

(२०) सार्वजनिक प्रशासनलाई श्रोत र साधन सम्पन्न वनाई जनताको विकास, सेवा र सुविधालाई अझ प्रभावकारी, दिगो र भरपर्दो बनाईनेछ ।

(२१) सरकारको भर - जनताको कर / करको भर - विकासको दर भन्ने मुल नाराका साथ चौकुनेको कर प्रणाली लगायत शुल्क र दस्तुहरुलाई आवश्यक निति, नियम र कानुन मार्फत व्यवस्थित बनाई चौकुनेको सार्वजनिक वित्तकोषलाई अझ मजवुद वनाउँदै स्वावलम्वी चौकुने वनाउन प्रयास गरिनेछ ।

(२२) हरेक विकास निर्माणका कार्यहरुलाई स्थानिय रोजगारी सृजना हुनेगरी गर्ने गराउने निति अवलम्बन गरिनेछ ।

(२३) गाउँपालिकाले पुर्वाधार व्यवस्था ऐन बनाई सोही अनुरुप संचालन, व्यवस्थापन र नियमन गर्ने गराउनेछ ।

(२४) सामाजिक परिचालन अन्तर्गतका विभिन्नगैह्र सरकारी, संघ सस्थाहरुले गाउँपालिकाको प्राथमिकताका आधारमा काम गर्नुपर्नेछ । त्यस्ता संघ सस्थाहरुको कार्यअनुगमन पनि गाउँपालिकाले गर्ने गराउने निति अबलम्बन गरिनेछ । साथै गाउँपालिकाले संघ सस्था कार्यविधि तयार गरि सम्पुर्ण संघ सस्थालाई सोही अनुसार परिचालन गर्ने गराउने छ ।

(२५) लक्षित वर्गको शसक्तिकरणका लागि तिनीहरुको आर्थिक, सामाजिक, मानसिक, शारीरिक र साँस्कृतिक विकासलाई टेवा पुग्ने खालका कार्यक्रम र अभियानहरु सञ्चालन गरिनेछ, साथै लक्षित वर्ग मैत्री विकासको अवधारण स्थापित गरिनेछ ।

(२६) सामाजिक समानता, समता र सकरात्मक विभेदको राष्ट्रिय नितिलाई अक्षरशः पालना गर्दै हरेक नागरिकलाई सोही अनुसारको व्यवहार गर्न गराउन प्रशिक्षित गराईनेछ ।

(२७) जनताको जिवनस्तर सुधार गर्न विभिन्न सिपमुलक तालिम सञ्चालनका साथै अन्य रोजगारिका अवसरहरु सृजना गर्न सरकार लागि पर्नेछ ।

(२८) गाउँपालिकाका युवाहरुलाई स्वरोजगार बनाउने प्रकारका क्रियाकलाप सञ्चालन गरि युवा परायनको अवस्थालाई न्युनिकरण गर्ने निति अंगिकार गरिनेछ ।

(२९) गाउँपालिकाको समग्र विकासका लागि विषयगत कार्यालयहरुको क्षमता अभिबृद्धि गरिनुका साथै कृषि भेटेनरी, जस्ता विषयगत कार्यालयहरु मार्फत विशेष कार्यक्रम सञ्चालन गरि गरिवी न्युनिकरण गर्न पहल गरिनेछ ।

(३०) गाउँपालिकाको समग्र विवरणलाई विश्लेषण गरि मानव विकासका सुचाङ्कहरुको अवस्था थाहा पाउन मध्यावधिक तथ्याङ्क संकलनको अभियान सञ्चालन गरिनेछ ।

(३१) गापाको नागरीकको सुचनाको हकलाई स्थापित गर्न सार्वजनिक कार्यलयमा प्रक्रियागत रुपमा आएका जनताका चासोलाई सम्बोधन गर्ने खालको संरचना खडा गरिनेछ ।

(३२) विभिन्न कला, संस्कृति र साहित्यको विकासका लागि आवश्यक योजना तयार गरि कला प्रेमी र साहित्य प्रेमीहरुलाई प्रोत्साहित गरिनेछ ।

(३३) चौकुनेका नागरीकलाई उद्यमसिल र उत्पादनशिल बनाउन आवश्यक निति अवलम्बन गरिनेछ ।

(३४) विकासका केही कार्यक्रमहरुमा सरकार र निजि क्षेत्रको साझेदारी(Public Private Partnership)को अवधारण लाई वढावा दिईनेछ ।

(३५) चौकुने गाउँपालिकामा बाहिरी लगानी भित्र्याउन लगानी मैत्री वातावरणका लागि आवश्यक नियम, कानुन तर्जुमा गरिनेछ ।

(३६) अन्तर स्थानीय तह समन्वय, सहकार्य र सह-अस्तीत्वमा वढावा दिईनेछ ।

(३७) प्रदेश सरकार र संघिय सरकारसँग हाम्रो कार्यक्षमताको आधारमा र हाम्रो विशिष्टताको आधारमा विकासका लागि थप कार्यक्रम माग गर्न आवश्यक पहल गरिनेछ ।

(३८) चौकुने क्षेत्रभित्रका राष्ट्रिय गौरबका बहुवर्षिय आयोजनाहरु (चौकुने सिमेन्ट, वेतान हाइड्रो, पुर्व पश्चिम मदन भण्डारी लोकमार्ग चौकुने खण्ड ) को विषयमा केन्द्र सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरि आयोजना संचालनमा पहरेदारीको भुमिका निर्वाह गरिनेछ ।

(३९) चौकुने दिगो विकासको मुल आधार - शुसासन, समृद्धि र प्रसस्त पुर्वाधार भन्ने मुल नाराका साथ चौकुने सरकार सञ्चालन गरिनेछ ।

(४०) अध्यक्ष महोदय, अब म सम्मानित सभा समक्षगत आ.व. २०७४।०७५ को योजना तथा बजेट कार्यान्वयनको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

क) पूर्वाधार विकास

ख) सामाजिक विकास

ग) आर्थिक विकास

घ) बन, वातावरण तथा विपद व्यवस्थापन

ङ) संस्थागत विकास

(४१) समग्र चौकुनेको विकासलाई क्रमागत विकासको सिद्धान्तको आधारमा अघि बढाउने गरी बजेटका सिमाहरु निर्धारण गरेको छु ।

(४२) अध्यक्ष महोदय, अब म क्षेत्रगत निति तथा कार्यक्रमका आधार र बजेटको बारेमा सम्मानीत सभालाई जानकारी गराउन चाहान्छु ।

## पूर्वाधार विकास

४३. **पूर्वाधार बिकासको सपनालााई साकार पार्न** यस पालि गाउँपालिकाले आफ्नै स्वमित्वका हेभि इक्वीपमेन्ट खरिद गरि आवश्यक विकाश प्रक्रियालाई अगाडि बढाउनेछ । इक्वीपमेन्टको अभाव भएमा सूचना जारी गरी इक्वीपमेन्ट घटि घटाउको नियमानुसार भाडामा लिइ चौकुने बिकाशको गतिलाइ निरन्तरता दिइनेछ । तसर्थसमग्र विकासलाई मेरुदण्डको रुपमा नेतृत्व प्रदान गर्ने पुर्वाधार विकासलाई पहिलो प्राथमिकतामा राख्दै आवश्यक बजेटको व्यवस्था गरेको छु ।

### सडक

(४४)**हाम्रो हर्ष-सडक निर्माण वर्ष** भन्ने नाराका साथ चौकुने गौरवका सडकहरुलाइ मुख्य प्राथमिकतामा राखि आवश्यक बजेट व्यवस्था गरेको छु ।

(४५) प्रदेश सरकारको ग्रामीण सडक पहुँच कार्यक्रम(४१) र सहरी सडक साझेदारी कार्यक्रम(४२) सँग म्याचिङ (साझेदारी) लागी चौकुने सडक संजाल अन्तरगतका सडकहरुको निर्माण, मर्मत र स्तरोन्नतीका लागि रु १ करोड ५० लाख बजेट विनियोन गरेको छु ।

(४६) सिमलखेत-धनरास सडक गत आ.ब बाट सुरु भएको र त्यस्को आधा काम पुरा भैसकेको र आधा गत आ.ब मा रकम अभावका करण बाँकी रहेकाले यस आ.ब भित्र सक्ने गरि आवश्यक बजेट छुट्याएको छु ।

(४७) घाटगाउँ - झ्यानझ्याने - साउने - कोलिमार सडकको झ्यानझ्याने पखण्डको झ्यानझयाने खोला पुर्न र कोलिमार सडकखण्ड पुरा सम्पन्न गरि अन्तर प्रदेशीय सडक संजाल जोड्नु पर्ने भएकाले सो कार्य अगाडी बढाईनेछ ।

(४८) घाटगाउँ - गुटू सडकको तामाधमरा खण्डको खोला खण्ड गत आ. ब. मा सम्पन्न भैसकेको र अब केही छिटफट बाहेक यो सडकको खन्ने कार्य सम्पन्न भएकाले उक्त सडकको आवश्यक स्तरउन्नती गरीनेछ ।

(४९) लगाम -बोला - धम्बु - दानीगौडा सडकको खन्ने कार्य अधिकांश सकिएकाले उक्त सडकको स्तरउन्नती कार्यलाई निरन्तरता दिईनेछ ।

(५०) **फराकिलो सडक - सहरको आधार** लाई आत्मसाथ गर्दै गुटू खोलादेखि ज्यूनेरीतालसम्मको मुल सडकलाइ र मिलनचोक देखि झकमकेसम्मको भित्री सडकलाई दुई लेनको बनाई आवश्यक स्तरउन्नती गरीनेछ ।

(५१) पश्चिमको भौगोलिक बिकटतालाई छिचाल्न धामीसेन- पाल्पाघाट सडकको निर्माण कार्यलाई यो आ.ब. मा पनि निरन्तरता दिएको छु ।

(५२) हरेक वडालाई सडक संजालले जोड्ने उद्देश्यकासाथ घाटगाउँ- विजौरा - टटाली सडकका केही खण्ड खन्न बाँकी रहेकाले खन्ने कार्य सम्पन्न गरी स्तरउन्नतीको लागि रकम बिनियोजन गरेको छु ।

(५३) कर्णाली कोरीडोर अन्तरगतको घाटगाँउ - बिजौरा - सालडाँडा - सोभानचौर - मौरीवन - बोला - धम्बु सडकलाई चौकुने रिङ्गरोडको रुपमा बिकास गर्न हाल सोभानचौर - मौरीवन - बोला सडक खण्डको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

(५४) त्यसैगरी हुलाकी डाँडा- सातसल्लि-गोद्मा- बेनिघाट सडकलाई पनि यस आ. ब. मा निरन्तरता दिइने छ ।

(५५) तामाधारा- अमलाटाकुरा- बीरगौडा सडक निर्माणको लागि निरन्तरता दिईनेछ ।

(५६) कुमाला, मायाताल रेक्चा सडकलाई प्रभाकारी तरिकाले संचालन गर्न स्तरउन्नती लागि आवश्यक बजेट बिनीयोजन गरेको छु ।

(५७) चौकुने गौरवको लेकाली पर्यटकीय सडक साल्म - रेक्चा — धनरास हुँदै वेनीघाट लाई प्रदेश सरकार वा संघिय सरकारका माननीयहरुसँग आवश्यक सहकार्य गरी बजेट विनियोजनका लागि आवश्यक अनुरोध गरिने छ ।

(५८) मदन भण्डारी राजमार्गको विजौरा, बेतान लगाम खण्ड बाह्रैमास गााडी चल्न सक्ने गरी ग्रभेलींग, नाला कटिंग र ह्यूम पाइप विच्छ्याउन प्रदेश सरकार वा संघिय सरकारका माननियहरुलाई वजेट विनियोजनका लागि आवश्यक अनुरोध गरिने छ ।

(५९) मदन भण्डारी राजमार्ग अन्तर्गत गुटु, विजौरा, लगाम सकड खण्ड अन्तर्गत स्थारोन्ती गर्नका लागि नेपाल सरकार सडक विभागको भु वातावरण तथा सामाजिक शाखाले IEEगर्ने प्रस्ताव राखेकोमा उक्त प्रस्तावको कार्यान्वयनको लागि आवश्यक सहयोग, सल्लाह र समन्वय गरिनेछ ।

## खानेपानी, सिचाई तथा नदि नियन्त्रण

(६०) चौकुने गाउँपालिकाको जलश्रोतहरुको DPRतयार गरी तथा भेरी कर्णाली किनाराका बस्तिहरुको लागि लिफ्ट प्रविधि सहितको DPRतयार गरी बहुबर्षिय आयोजना अन्तर्गत चौकुने

गाउँपालिकाको सम्पुर्ण बस्तिहरुमा घर घर खानेपानीको धारा जडान गर्ने निति अख्तियार गरिने छ ।

(६१) साविकको गुटु गाविस भरी हालको चौकुने गाउँपालिका वडा नं. ६,७ र ८ को खानेपानीको सम्पूर्ण समस्यालाई समाधान गर्नेगरी आ.ब. २०७४।०७५ म झ्यालेकाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई २ लाख पचार हजार लिटको ट्यांकी निर्माणको लागि कुल लागत ४४ लाख मध्ये ९ लाख क्षेत्रिय खानेपानी र १८ लाख चौकुने गाउँपालिकाको सहलगानीमा सम्झौता भई निर्माण कार्य अगाडी बढीसकेको अवस्थामाा अव उपरान्त आ.ब. ०७५।०७६ मा उक्त आयोजनालाई निरन्तरता दिदै रु. १४ लाख बजेट विनियोजन गरेको छु ।

(६२) चौकुने वडा नं. ९ र १० साविकको घाटगाउँ को खानेपानीको समग्र समस्यालाई समाधान गर्न भेरी कर्णालीको पानी लिफ्ट प्रविधिबाट जनताको घर घर सम्म पुर्‍याउने रणनीति अनुसार भेरी कर्णाली लिफ्ट खानेपानी तथा सरसफाई समिति मार्फत खानेपानी आयोजना संचालन गरीने भएकाले उक्त आयोजनाको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

(६३) चौकुने वडा नं. ४ विजौराको खानेपानीको समस्या समाधान गर्न क्षेत्रीय सिचाइ खानेपानी कार्यालयले DPRतयार गरिसकेको र बाँकी कामको लागि पनि क्षेत्रिय खानेपानी कार्यालयले नै रकम उपलब्ध गराउने भएकाले घर घरमा खानेपानीको धारा उपलब्ध गराउने चौकुने सरकारको रणनीति अनुसार आवश्यक समन्वय र आयोजना संचालनका लागि क्षेत्रीय खानेपानी सँग आवश्कय परामर्श अगाडी बढाईनेछ ।

(६४) चौकुने वडा नं. ५ मायाताल तोश्राको खानेपानीको समस्यालाई समाधान गर्न धारापानीको मुहानको आवश्यक DPR तयार गरी बहुबर्षिय आयोजना संचालनका लागि अगाडी बढाइनेछ ।

(६५) चौकुने ५ रेक्चा को खानेपानी समस्या समाधान गर्न बेदखोली लघु जलविद्युत आयोजनाबाट उत्पादीत विद्युतको सहायताले बेद खोलाको पानी लिफ्ट गरी रेक्चाबासी जनतालाई शुद्ध खानेपानी वितरण गर्न आवश्यक पहल चालिने छ ।

(६६) गत आवमा बजेट विनियोजित भएका महत्वपुर्ण सिचाई कुलोहरुलाई प्राथमिकताको आधारमा आवश्यक बजेट विनियोजन गर्ने निति लिएको छु ।

(६७) मानव बस्तीहरुलाई भैपरी आउने प्रकृतिजन्य विपत जस्तै बाढी, पहिरो र नदि कटानलाई नियन्त्रण गर्न प्रदेश सरकारको बजेट बक्तव्यको बुदा नं. ६० मा विनियोजित तटबन्धन निर्माण शिर्षकको रकमलाई ल्याउन समपुरक कोषको माध्यमबाट आवश्यक पहल गरिनेछ ।

**भवनतथा शहरी विकास**

(६८) सुरक्षित व्यवस्थित भुकम्प प्रतिरोधी र वातावरण मैत्री भवन निर्माण गर्नका लागि भवन सँग सम्बन्धित ऐन, नियम, भवन संहिता, मापदण्ड र निर्देशिकाहरु तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

(६९) चौकुने गाउँपालीकाको वर- सुधारीएका घर भन्ने अभिप्रायका साथ गरीब तथा विपन्न वर्ग, एकल महिला, अपांग, अशक्त, असहायहरुको घर सुधारको अभियानको अन्तर्गत खरको छानालाई विस्थापित गरी टिनको छाना निर्माण गर्न यो आ.ब. मा एउटा वडामा करिब ५ ओटा घर पर्ने गरी यो आ.ब. मा ५० ओटा घरको छानाको लागि टिन अनुदान कार्यक्रम प्रस्ताव गरेको छु ।

(७०) चौकुनेमा छरीएका बस्तीहरुलाई एकिकृत गर्नका लागि तिनिहरुको सम्भाव्यता अध्ययन सहितको प्रतिवेदन तयार गर्न एकिकृत बस्ती विकास समिती गठन गरी सम्भव भएसम्म प्रतिवेदनको आधारमा यसै आ.ब. बाट एउटा नमुना बस्ती निर्माणका लागि आवश्यक पहल गरिने छ ।

(७१) व्यवस्थित शहर - हाम्रो रहर भन्ने मुल नाराका साथ गत आ.ब. मा पास गरिएको मुल सडक १० मिटर र भित्रि सडक ८ मिटरको नितिलाई निरन्तरता दिएको छु । र साथै सडक किनाराका घरहरुलाई व्यवस्थित गर्न मुल सडकको सन्दर्भमा सडकको केन्द्र देखी २५ मिटर टाढा र सहायक सडकको सन्दर्भमा सडकको केन्द्र देखि २० मिटरको दुरीमा घरहरु वनाउनु पर्ने बाध्यात्मक निति पेश गरेको छु ।

## विद्युत

(७२) २१ औं शताब्दीको बैज्ञानिक युग................ विद्युत (यो नारा हो)को मर्मलाई आत्मसाथ गर्दैआ.ब. ०७४।०७५ को चौकुने उज्यालोको नितिलाई निरन्तरता दिन बैकल्पिक उर्जा र चौकुने गाउँपालिकाको सह लगानीमा मिनि सोलार ग्रिडको कार्य प्रारम्भ भएको छ । त्यसैगरी वेदखोली लघु जलविद्युत आयोजना अन्तिम चरणमा पुगीसकेको यस घडीमा यि र यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदैआगामी आ.ब. ०७५।०७६ मा थप लघु तथा साना जलविद्युत आयोजना सञ्चालनमा ल्याईने छ ।

(७३) चौकुने राष्टिय प्रशारण लाईनसँग जोड्न र पुच्मा तथा रेक्चामा बनिरहेको नेस्नल ग्रिडलाई स्थापना गर्न प्रदेश सरकार र केन्द्रिय सरकारसँग आवश्यक समन्वय गरिने छ ।

(७४) लगाम बेतान हाइडो कर्णालीको DPRनिर्माणको काम सुरु भईरहेकाले यसलाई यथासिग्र चाडो सञ्चालनमा ल्याउन केन्द्रिय सरकार, कर्मचारी संचयकोषसँग छलफल परामर्श र समन्वय गरी आवश्यक सहयोग लिने र दिने बातावरण मिलाईनेछ ।

(७५) बैकल्पिक उर्जाको सहकार्य र सह- लगानीमा चौकुनेका अन्य वस्तीहरुमा पनि सोलार मिनि ग्रिडको अवधारणालाई अगाडी बढाईनेछ ।

## मिसिनरी तथा औजार

(७६). श्रोत र साधनले सम्पन्न गाउँपालिका निर्माणको महान अभियान अन्तर्गत विकास र सेवा प्रवाहको गतिलाई दिन दोगुण र रात चौगुणाको हिसावले अगाडी बढाउनगाउँपालिकाले आफ्नै स्वामित्वका ह्यावी इक्युप्मेन्ट खरिदका लागि रु. ३ करोड ५० लाख बजेट विनियोजन गरेको छु।

(७७) खरिद गरिएका ह्याभि इक्युमेन्टको रेखदेख, सम्वद्धन, संरक्षण र परिचालन गर्नका लागि आवश्यक कार्यविधि बनाई लागु गरिने छ।

## सञ्चार

(७८) **जनताको विचार - सुचना र संचार**भन्ने नारालाई यथार्थ परक बनाउन चौकुने गाउँपालिका क्षेत्रभित्र नेपाल टेलीकमको ल्याण्ड लाईन जडान, मुवाईल टावर विस्तार र इन्टरनेट टावर विस्तार गर्नका लागि आवश्यक पहलिकदम गरिने छ।

(७९) चौकुनेका १० ओटै वडालाई इन्टरनेट सञ्जालमा आवद्ध गर्न प्रदेश सरकार र केन्द्रिय सरकारसँग आवश्यक समन्वय गरी सूचना तथा सञ्चारलाई व्यवस्थित गराईनेछ । यसका लागि …………… बजेट व्यवस्था गरेको छु।

## सामाजिक विकास

**(८०)** चौकुने गाउँपालिकाको सामजिक क्षेत्रलाई तपसिल बमोजिमका निति, कार्यक्रम तथा बजेटले सम्बोधन गरीएको छ।

## शिक्षा

**(८१)** हरेक विकसित मुलुकहरु पुस्तकद्धारा शासित हुन्छन भन्ने कुनै शिक्षाविदको भनाईलाई सापटी लिदै चौकुने सरकारलाई पुस्तकद्धारा शासित गराउने दिर्घकालीन लक्ष्य चौकुने सरकारले लिएको छ । त्यसैले पुस्तकको शासनलाई स्थापित गर्न चौकुने गाउँपालिकाले आवश्यक नीति तय गर्नेछ।

(८२) बालबालिका भविष्यका कर्णधार मात्र होइनन् बर्तमानका आधारशिला पनि हुन भन्ने तथ्यलाई बुझ्ेर चौकुनेका हरेकविद्यालयहलाई क्रमशः बालमैत्री विद्यालय बनाईनेछ । यसका लागि बालबालिकासँग गाउँपालिका कार्यक्रम ल्याएको छु।

(८३) बालबालिकासँग गाउँपालिका कार्यक्रमको कार्यविधि बनाई बालबालिकाको हकहित संरक्षण र सम्बद्धन गर्न स्वयं बालबालिकालाई नै संगठित गर्ने हेतुले आवश्यक बजेट विनियोजन गरेको छु।

(८४) गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बालविकास तथा शिक्षक दरबन्दी सृजना, विज्ञान प्रयोगशाला, ICTतालिम सञ्चालन, अंग्रेजी माध्यममा पठन पाठन, प्रारम्भिक कक्षा

व्यवस्थापन, बालविकास व्यवस्थापन, गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन, स्थानीय पाठ्यक्रम निर्माण, शैक्षिक तथ्यांक EMIS व्यवस्थापन, उत्कृष्ठ विद्यालय पुरस्कार, नमुना विद्यालय घोषणा, शैक्षिक भ्रमण जस्ता कार्यक्रमहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक निति तय गरिनेछ । र साथै यसका लागि प्रदेश सरकार. (६८) र चौकुने सरकारको पहलकदमिमा आवश्यक बजेट व्यवस्था गरिनेछ ।

(८५) विद्यालय जाऔं - रमाई रमाई सिकौ भन्ने नारालाई अभियानका साथ सञ्चालन गर्ने धेयका साथ प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिने छ । विद्यालय जाने उमेरका सवै वर्ग, जाती, बर्ण र लिंगका बालबालिकालाईयसै अभियान अन्तर्गत शिक्षाबाट बञ्चित हुन नदिईविद्यालय सम्म पुर्याउन भर्ना अभियान सञ्चालन गरिनेछ । उक्त भर्ना अभियानको क्रममा विपन्न वर्गका बालबालिकालाई सहयोग गर्न हात अगाडी वढाउने व्यापारी, बुद्धिजिवी, चन्दादाता, शिक्षा प्रेमीलाई चौकुने शिक्षा भुषण पदवीले सम्मानीत गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(८६) साक्षर बनौ र बनाउँ भन्ने अभियान सञ्चालन गरी चौकुनेको निरक्षर जनसंख्या पत्ता लगाई अनौपचारीक शिक्षालाई एवं साक्षरता अभियान सम्बन्धि कार्यक्रम प्रदेश सरकारको समन्वयमा अगाडी बढाईनेछ ।

(८७) चौकुने गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा कक्षा ९ - १२प्राविधिक शिक्षा संचालनमाजोड दिनुका साथै स्वरोजगार, दक्ष जनशक्ति उत्पादन गर्नका लागि विशेष पहल गरिनेछ। यसका लागि प्रदेश सरकार र संघिय सरकारसँग समन्वय गरी बजेटको व्यवस्था गरिने छ ।

(८८) संघिय सरकार र प्रदेश सरकारसँग अधिकतम समन्वय गरी विद्यालयको शैक्षिक गुणस्तर र भौतिक विकासका लागि विद्यालय भौतिक पुर्वाधार सुधार कार्यक्रम संचालन गरिनेछ । यसका लागि यस आ.ब. मा कुनै २ ओटा विद्यालय छनौट गरी तिनिहरुको भौतिक तथा शैक्षिक सुधारको कार्य सुरु गरिने छ ।

(८९) विद्यार्थीहरुमा सकारात्मक सोच र श्रम प्रति प्रेम जागृत गर्नका लागि योग, ध्यान तथा मनो सामाजिक परामर्श सेवा सञ्चालन गरिने छ ।

(९०) प्रस्तावित नरहरीनाथ बन विज्ञान क्याम्पस र प्रस्तावित गुटु कृषि क्याम्पसको पुर्वाधार निर्माणका लागि र उक्त क्याम्पस सञ्चालन गर्नका लागि प्रदेश सरकार र संघिय सरकारसँग अधिकतम समन्वय र सहकार्य गरी चौकुने गाउँपालिकामा बन तथा कृषि क्याम्पस लाई निरन्तरता दिईने छ । यस योजनालाई बहुबर्षिय योजनाको रुपमाा अगाडी वढाएको छु ।

(९१) विपन्न दलितका छात्र छात्राहरुलाई विद्यालय शिक्षाको अध्ययनको लागिशिक्षा शाखा अन्तर्गत दलित छात्रबृत्ति नियमित रुपमा वितरण गरिने छ । यसका लागि सवै क्षेत्र, पक्ष र सरोकारवालासँग आवश्यक समन्वय गरिने छ ।

(९२) चौकुने गाउँपालिकामा रहेका सम्पुर्ण विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्नICT युक्त, सुविधा सम्पन्न शैक्षिक तालिम केन्दको स्थापना गरिनेछ । यसका लागिका लागीआवश्यक बजेट विनियोजन गरेको छु ।

(९३) यस आ.ब. देखि चौकुनेका कक्षा ५ देखि ९ सम्मका विद्यार्थीहरुको सिकाई उपलब्धिमा एकरुपमा ल्याउन एकिकृत परिक्षा प्रणाली र विकेन्द्रिकृत चेकजाँच प्रणाली लागु गरिने छ । यसका लागि ५ लाख बजेट विनियोजन गरेको छु ।

(९४) दलित तथा विपन्न समुदायका महिलाहरुलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच बृद्धिका लागि लोकसेवा तथा अन्य सार्वजनिक सेवाको तयारीका लागि कक्षाहरु सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(९५) SEE मा उत्कृष्ठ नतिजा ल्याउने विद्यार्थीहरुलाई आगामी बर्ष पुरस्कार स्वरुप अनुदानको व्यवस्था मिलाईनेछ ।

(९६) चौकुनेका १० ओटै वडाका विद्यालयहरुलाई क्रमशः पक्कि पर्खालले घेर्ने आ.ब. ०७४।०७५ को नीतिलाई निरन्तरता दिएको छु ।

(९७) नयाँ शैक्षिक सत्र सँगै सुरु हुने निःशुल्क पुस्तक वितरणको कार्यक्रमलाई चौकुने सरकारले एकद्धार वितरण प्रणाली लागु गरी पुस्तक वितरणको पाटोलाई अझ व्यवस्थित, सुविधायुक्त र पारदर्शि बनाउनेछ ।

(९८) बाबुआमा र अभिभावकको अभाव र गरिवीका कारण आफ्नो बाल अधिकार बाट कोही पनी बालबालिका बञ्चित हुन नपरोस भन्ने अभिप्रायले गरिव, विपन्न, असहाय, अशक्त, र अपांग व्यक्तिका बालबालिकाको पठन पाठनको लागि बहुबर्षिय योजना अन्तर्गतआवासिय व्यवस्था सहितको अध्ययन अध्यापन पाठशाला स्थापना गरी सञ्चालन गरिने छ ।

(९९) शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नतिजा मुलक विद्यालय अनुगमन तथा सुपरीवेक्षण गरिने छ ।

**युवा तथा खेलकुद**

(१००) बच्चा र बृद्धको साँधमा जिम्मेवारी युवाको काँधमा भन्ने आसयका साथ समाजको जिम्मेवारी बोकेका युवाहरुको सर्वपरी हितका लागि चौकुने सरकारले युवा शसक्तिकरणको अभियान सञ्चालन गर्नेछ ।

(१०१) चौकुनेका सम्पुर्ण युवाहरुलाई उद्यमशिल बनाई स्वरोजगार बनाउन एक युवा - एक सिप को निति अवलम्बन गरिने छ । यसका लागि विभिन्न सिपमुलक र युवा अभिमुखिकरण तथा जिवन रुपान्तरण सम्बन्धि विभिन्न किसीमकातालिमहरु सञ्चालन गरिने छ । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(१०२) युवाका लागि खेलकुदजीवन रुपान्तरणको एक महत्वपुर्ण साधन हो । त्यसैले चौकुनेका युवाहरुलाई खेल जगतमा समाहित गर्न "चौकुने युवा तथा खेलकुद परिषद"गठन गरिने छ । र यसको सञ्चालनका लागि आवश्यक कार्यविधि बनाईनेछ ।

(१०३) जीवनको मर्म अनुसार आफुलाई बुझि आफ्नो जिवनको स्तरोन्नतीको लागि संघर्ष गर्न उद्यमशिलता अपनाउन चाहाने युवाहरुका लागि आंशिक अनुदानको व्यवस्था गरेको छु ।

(१०४) युवाहरुलाई सामाजिक सेवाको बास्तविक भाव पढेर र भोगेरबुझ्नुपर्छ भन्ने सामुहिक भावना जागृत गराउन विभिन्न सामाजिक अभियानहरु जस्तै निरक्षरता उन्मुलन, सामाजिक भेदभाव विरुद्ध जनचेतना, बृक्षारोपण र वातावरण संरक्षण जस्ता अभियानहरु सञ्चालन गर्न चौकुने युवा स्वयं सेवक दस्ता बनाईनेछ । यो दस्तालाई विपत व्यवस्थापनको बेला पनि परिचालन गरिने छ । यसका लागि युवाहरुलाई आवश्यक तालिम दिईने छ ।

(१०५) चौकुने गाउँपालिका वडा नं. ८ स्थित खेलकुद मैदान तथा रंगशाला निर्माण कार्य गत आब मा शुरु भै यस आ.ब. मा पनि निरन्तरता दिनुका साथै प्रदेश सरकार र संघिय सरकारको समपुरक अनुदानमा अगाडि वढाईनेछ । र साथै अन्य वडाहरुमा पनि खेल मैदानहरुलाई सु – व्यवस्थित बनाईदै लगिनेछ ।

**स्वास्थ्य**

(१०६) स्वास्थ्य धनम् सर्व धनम पर्धानम् भन्ने श्लोकको मुल मर्मलाई आत्मसाथ गर्दै चौकुनेका नागरीकको स्वस्थ्यलाई चौकुने विकासको सर्वोपरी सुचकका रुपमा लिईने छ । साथै नागरीकको स्वास्थ्यलाई ध्यानमा राखि हरेक स्वास्थ्य चौकीमा राज्य द्धारा प्रदान गरिएको निशुल्क वितरणको कार्यक्रमलाई अझ व्यवस्थित, भरपर्दो र सुविधामुखी बनाईनेछ ।

(१०७) प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्ने संघिय सरकारको कार्यक्रम अनुरुप आवश्यक पहिलीकदम गरिने छ । आवश्यकताका आधारमा गाउँघर क्लिनिकलाई विस्तार गरिने छ ।

(१०८) निजि क्षेत्रको साझेदार (Public Private Partnership)मा आधारित १५ शैयाको अस्पताल सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरीनुका साथै जनता, प्रदेश सरकार (बुदा नं. ९०), स्थानिय सरकार र आवश्यकता अनुसार निजि लगानीकर्ता विच अस्पताल सञ्चालनको विषयमा आवश्यक परामर्श सहित शेयर संकलन गर्ने अभियान सञ्चालन गरिने छ । यसका लागि चौकुने गाउँपालिका, नागरीक र ईच्छुक लगानीकर्ता सहितको एक तदर्थ समिति गठन गरिने छ । उक्त अस्पताल चौकुने ४ विजौरामा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाढी वढाइने छ ।

(१०९) चौकुनेका जेष्ठ नागरीक घुम्ती स्वास्थ्य परिक्षण अभियान सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । साथै जेष्ठ नागरीक परिचय पत्र वितरणको व्यवस्था पनि मिलाएको छु ।

(११०) जिवनका लागि स्वास्थ्य विमा भन्ने अभियानका साथ सबै वडाहरुमा अनिवार्य स्वास्थ्य विमा लागु गर्ने कार्यमागतिशिलता प्रदान गरिने छ ।

(१११) अपाङ्गपरिचय पत्र वितरणको लागि गाउँपालिका बाटै परिचय पत्र वितरणको कामलाई व्यवस्थित ढंगले अगाडी बढाईने छ ।

(११२) चौकुनेका प्रत्येक वडामा क्रमागत रुपमा वर्थिङ्ग सेन्टर स्थापना गरिने छ । यसका लागि प्रदेश सरकारको बजेट बक्तव्यको बुदा नं. ८९ अनुसारको बजेटको साझेदारीमा कार्यक्रम लागु गर्नेगरी बजेट विनियोजन गरेको छु ।

**(११३)** स्वस्थ्य सेवालाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन स्वास्थ्य कर्मि आचारसंहिता बनाई लागु गरिने छ ।

(११४) कुपोषणबाट बालबालिकालाई जोगाउने उद्देश्यका साथ साविकका ५ ओटा गाविस अन्तर्गतका स्वास्थ्य चौकीमा समपुरक कोषबाट व्यवस्था हुनेगरी यस आ.व. मा लागु हुनेगरी सर्वोत्तम पिठो वितरण गर्ने प्रवन्ध मिलाउने छु ।

(११५) गुटुमा सञ्चालित एम्बुलेन्स सेवालाई क्रमशः चौकुनेका प्रत्येक वडामा सजिलै पुग्ने गरी सडक सञ्जाल विस्तार गरिने छ । आवश्यकता अनुसार क्रमशः थप एम्बुलेन्सको व्यवस्था गरिने छ । र साथै पश्चिम क्षेत्रलाई ध्यानमा राखि एम्बुलेन्स खरिदका लागि बजेट विनियोजित गरेको छु ।

(११६) चौकुनेको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य शाखा अन्तर्गत एउटा ल्याब सेवालाई क्रमशः विस्तार गरिने छ ।

(११७) चौकुने क्षेत्रभित्र उपयुक्त स्थानमा एक जडिबुटी केन्द्र स्थापना गरिने छ । जसको आगि यस आ.ब. मा आवश्यक बजेट विनियोजन गरेको छु ।

(११८) ल्याव सञ्चालन भएका स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने फ्रिजको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

(११९) चौकुनेको स्वास्थ्य सेवालाई वहु आयामिक बनाउन क्रमशः स्वास्थ्य चौकीहरुमा बैकल्पिक चिकित्सा पद्धति प्रबद्धन गरिने छ ।

(१२०) योग गरौं स्वास्थ्य बनौ भन्ने मुल नाराका साथ विद्यालयहरुमा स्वास्थ्य तथा योग शिविर संचालन गरिने छ ।

(१२१) चौकुनेको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडा नं. ९ राग, वडा नं. ६ कोइरालबास, वडा नं. १ धनरास, वडा नं. ३ शोभावचौर र वडा नं. ४ पुच्मामा स्वास्थ्य क्लिनिक संचालनका लागि आवश्श्यक पहल गरिने छ । र साथै यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## भाषा धर्म र संस्कृति

(१२२) आदिवासी, जनजाती र अल्पसंख्यक समुदायको भाषा संस्कृति र सकरात्मक परम्परालाई वढावा दिन विभिन्न कार्यक्रमहरु मार्फत सम्बोधन हुनेगरी निति तय गरिने छ ।

(१२३) दलित समुदायको पेशा, सिप र कला संस्कृतिको संरक्षण सम्बद्धन र प्रवद्धन गर्न आवश्यक कार्यक्रमहरु तय गरिने छ ।

(१२४) मगरहरुको संस्कृतिमा आधारीत मगर र राजी संग्राहलय स्थापनाको अवधारणालाई निरन्तरता दिएको छु । साथै यसका लागि एकिकृत मगर तथा राजि भाषा प्रतिष्ठान गठन गरिने व्यवस्था गरेको छु । उक्त भाषालाई संरक्षणको लागि शिक्षण कार्यमा निरन्तरता दिने व्यवस्था गरिने छ ।

(१२५) स्थानीय पर्व, जात्रा, मेलाहरुलाई बैज्ञानिक रुपले व्यवस्थापन गर्न ति परम्पराहरुको आवश्यक अध्ययन गरी गराई त्यसले दिने सामाजिक प्रभाव मूल्यांकनको सुझावको आधारमा व्यवस्थित गरिने छ ।

## सामाजिक समाबेशिकरण

(१२६) गत आ.ब. ०७४।०७५को नीति तथा कार्यक्रमले निर्देष गरेका प्राविधिक शिक्षा सञ्चालन सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै प्राविधिक शिक्षामा महिलाको पहुँच अभिवृद्धि गर्न छोरी बुहारी प्राविधिक शिक्षा छात्रबृत्ति प्रदेश सरकारको कार्यक्रम अनुसार चौकुनेका दलित, विपन्न, द्वन्दपिडित र एकल महिलाका छोरीहरुमध्ये यस आ.ब. मा कुनै २ जना छोरी बुहारीलाई प्राविधिक शिक्षामा प्रोत्साहन गर्न महिला प्राविधिक शिक्षा छात्रबृत्ति कोषको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(१२७) जातिय भेदभाव मुक्त समाज निर्माणका लागि छुवाछुत र सामाजिक कुरीतिका विरुद्ध आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(१२८) सामाजिक समानता र समतामा आधारित व्यवहारहरु अपनाउन आवश्यक निति नियम वनाईनेछ ।

(१२९) विकासका हरेक क्षेत्रमा लक्षित वर्ग मैत्री विकास निती अवलम्बन गरिने छ ।

(१३०) छोरी सुरक्षा कार्याक्रमलाई प्रभावकारी र दिगोपन दिनका लागि वढीमा २ ओटा छोरी जन्माएर बन्ध्याकरण गर्ने परीवारलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ ।

(१३१) हाम्रो समाजमा व्याप्त छाउपडी प्रथा, बाल विबाहलाई निरुत्साहित गर्नका लागि विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

(१३२) महिला शसक्तिकरणका लागि विभिन्न प्रकारका क्षमतामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।अत्यन्त कठिन परिस्थितिमा परेका महिलाहरुलाई उद्धार र सहयोगका लागि महिला

सञ्जाललाई व्यवस्थित र क्रियाशिल बनाईनेछ । र साथै महिलाहरुलाई शसक्त बनाउनका लागि प्रत्येक वडामा महिला सञ्जाल गठन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(१३३) यस गाउँपालिकामा विभिन्न गैर सरकारी संघ - संस्थाबाट कुनै कार्यक्रम सम्पन्न गर्नको लागि आवश्यक बजेट र कार्यक्रम सहितसमन्वय गरेमा गाउँपालिकाले आवश्यक रकम समपुरक कोषबाट लगानी गर्न सक्नेछ ।

## श्रम तथा रोजगार

(१३४) चौकुने गाउँपालिकामा हरेक नागरीकको जिवनस्तर उन्नतीको लागि श्रम तथा रोजगारको उचित वातावरण निर्माण गर्न आवश्यक रणनीति तयार गरिनेछ ।

(१३५) युवा स्वरोजगार कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखि उद्यमसिल युवाका लागि लगानी मैत्री वातावरण तयार गरिने छ ।

(१३६) सबै प्रकारका श्रमहरुलाई सम्मान गर्ने परिपाटीको विकास गर्न श्रम सम्मान कार्यक्रम लागु गरिने छ । साथै श्रम प्रतिको सकारात्मक सोच विकास गर्न चौकुने सरकारले चौकुने गाउँपालिका अन्तर्गत जनप्रतिनिधि तथा कर्मचारीहरु महरेक महिनाको १५ गते श्रम दिवस मनाउने अभियान सञ्चालन गरिने छ । उक्त अभियानमा चौकुने सरकारका जनप्रतनिधि, कर्मचारी , नागरीक, बुद्धिविजी, संघ संस्था र अन्य सरोकारवाला पक्षहरुलाई समाहित गरिने छ ।

## आर्थिक विकास

**(१३७) आर्थिक समृद्धिको आधार - चौकुनेको चौकुनेको पुर्वाधार** भन्ने मुल नाराका साथ चौकुनेको आर्थिक सम्मृद्धिलाई तपसिल बमोजिमका निति तथा कार्यक्रम तथा बजेटले सम्बोधन गरीएको छ ।

## कृषि तथा पशुपालन

(१३८) चौकुनेको सान - कृषि अभियान भन्ने नाराका साथ चौकुनेलाई अर्गानिक भिलेजमा रुपान्तरण गर्न आवश्यक कार्यनिति अवलम्बन गरिने छ । यसका लागि अर्गानिक मल उत्पादन केन्द्रको स्थापना गरि कृषकहरुलाई सोही मलको प्रयोग गर्न गराउन लगाउने परिपाटी बसालीने छ । साथै प्रदेश सरकारको अर्गानिक खेती निती (१२७ र १४३) अनुसार ल्याईएका कार्यत्रमहरुलाई चौकुने गाउँपालिकाले सह- लगानीमा अगाडी वढाउन आवश्यक सहकार्य र समन्वय गर्नेछ ।

**(१३९)** चौकुने गाउँपालिकाको साल्म - कोइरालबास - रेक्चा - बागमारा –सिमलगैरा- धनरास जस्ता ठाउँहरुलाई वाखापालन पकेट क्षेत्रको रुपमा विकास गर्न व्यावसायिक वाखा पालन गर्न चाहाने

कृषकहरुलाई आवश्यक प्रोत्साहन दिईनेछ । यसका लागि प्रदेश सरकारको एक जिल्ला दुई नमुना पकेट क्षेत्र (१३९) कार्यक्रम अन्तर्गत रहको बजेटलाई सह - लगानीमा चौकुनेमा भित्र्याउने आवश्यक पहल गरिने छ ।

(१४०) कृषि क्षेत्रको सम्भाव्यता अध्ययन गरी चौकुने गाउँपालिकाका कृषि योग्य जमिनहरुको संरक्षण सम्बद्धन गरिनुका साथै उक्त क्षेत्रहरुलाई तिनिहरुको उत्पादनशिलताको आधारमा उत्पादन पकेट क्षेत्र घोषणा गरी चौकुनेलाई कृषि आधुनिकीकरण र यान्त्रीकरण मार्फत औधोगिकरण गर्न आवश्यक रणनिती र कार्यनिती अवलम्बन गरिने छ ।

(१४१) चौकुनेका प्रत्येक वडाहरुमा कृषकहरुका विभिन्न कृषि समुह गठन गरी उनीहरुको व्यक्तिगत तथा संस्थागत क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न कृषि तालिम, भ्रमण अवलोकन गराउनुका साथै उनीहरुवाट उत्पादीत कृषि उपजहरुको खरिद बजारीकरण पनि चौकुने गाउँपालिकाले गरिदिने निती अबलम्बन गर्नेछ ।

(१४२) कृषकहरुका सिप, श्रम र मेहनतलाई खेर जान नदिन र उनीहरुलाई कृषि शुरक्षाको प्रत्याभुती दिलाउन कृषि विमा कार्यक्रम लागु गरिने छ ।

(१४३) चौकुनेको बनजङ्गलमा छरिएर रहेका जडीबुडी प्रजातिका विरुवाहरुको संकलन गर्न जडिबुडी संकलन, प्रशोधन तथा विक्रि वितरण केन्द्रको स्थापना गरिने छ । साथै चौकुनेमा औधोगिक जडिबुटी खेतीका लागि जनचेतना अभिबृद्धि गर्नुका साथै यस आ.ब.देखि चौकुनेमा ध्युकुमारी ( Allovera) खेतीको अभियान संचालन गरिने छ । ध्युकुमारीमा आधारीत उद्योगको स्थापनाका लागि विभिन्न संघ संस्था, निजी लगानी कर्ता र सहकारीहरुलाई लगानी मैत्री बातावरण तयार गरिने छ ।

(१४४) जैविक किटनाशक औषधिको रुपमा जिवको मुत्रले बालिनाली तथा तरकारीमा लाग्ने किरा फट्याङ्ग्राहरु नष्ट गर्ने भएकाले यस आ.ब. देखि चौकुनेका विभिन्न टोलहरुमा मुत्र संकलन अभियान सञ्चालन गरिने छ । उक्त मुत्रबाट अर्गानिक मल उत्पादन गर्न सकिने भएकाले मल उत्पादन तालिम कृषकहरुलाई दिईनेछ ।

**सहकारी तथा गरिवी निबारण**

(१४५) समाजवादको आधार - सहकारीको विस्तार भन्ने मुल अभिप्रायका साथ चौकुनेको गरिवी, पछ्यौटेपन र बेरोजगारीको न्युनिकरण गर्ने मुल साधनको रुपमा सहकरी विकास र विस्तारलाई आवश्यक निति, नियम र कानुन मार्फत अगाडी बढाईनेछ ।

(१४६) चौकुनेको कृषि क्षेत्रको वृहत्तर विकासका लागि कृषि व्यावसायीकरण गर्न र उत्पादीत कृषि उपजको खरिद विक्रिको ग्यारेण्टी गर्ने उद्देश्यका साथ एक घर एक शेयरको निजि अवलम्बन गर्दै चौकुने बहुउद्देश्यिय सहकारी सँस्था स्थापना र संचालन गरिने छ । र यस चौकुनेमा रहेका सहकारीहरुको क्षमता वृद्धिमा जोड दिईने छ ।

(१४७) सहकारी मार्फत कृषकहरुलाई कृषि तालिम, उन्नत जातका पशुपंक्षि, विउविजन, बोटविरुवा वितरण गरी उनीहरुको कृषि व्यावसायीकतालाई प्रबर्द्धन गरिने छ । साथै सरकारी मार्फत आयात र निर्यातको व्यवस्था मिलाई निर्यातमुखी चौकुने अर्थतन्त्र निर्माण गर्ने लक्ष राखिने छ ।

(१४८) बढ्दो महंगीको मारबाट जनतालाई राहात र आहात दिलाउन सहकारी मार्फत टोल टोलमा सुफात मुल्य पसल स्थापना गरी जनाताको ऋय र विक्रयको मुल्यलाई व्यवस्थित गरिने छ ।

(१४९) सहकारी दर्ता नियमन र व्यवस्थापनका लागि आवश्यक कानुन बनाई चौकुने गाउँपालिकाबाटै यसको सेवा सुविधा प्रदान गरिने छ ।

(१५०) सहकारी मार्फत रैथाने बालीहरुको सामुदायीक विउ संकलन सेवा केन्द्र स्थापना गरी विउ संरक्षण तथा सबर्द्धन अभियानमा नागरीकलाई सरिख गराईनेछ । यसको लागि प्रदेश सरकारको सामुदायीक विउ बैंक निति (१६०) अनुसार आवश्यक सहकार्य र समन्वय गरिने छ ।

(१५१) सहकारी मार्फत युवाहरुलाई कृषिमा आकर्षण गर्न चौकुनेको आर्थिक विकासको लागि **युवा र कृषि कार्यक्रम** संचालन गरिने छ ।

(१५२) सहकारीहरुको क्षमता विकास गर्ने तर्फ आवश्यक कार्यक्रम सञ्चालन गरिने छ । र एकै विषयमा आधारीत सहकारी एकिकरण गर्ने निति अवलम्बन गरिने छ ।

**भुमि व्यवस्था**

(१५३) चौकुने गाउँपालिकामा रहेको भुमिलाई व्यवस्थित गर्न बैज्ञानिक भु - उपयोग निति अवलम्बन गरिने छ । जस अनुसार भुमिलाई कृषि क्षेत्र, आवास क्षेत्र, व्यापारिक क्षेत्र, औधोगिक क्षेत्र र बन जंगल क्षेत्रमा विभाजन गरी सोही अनुसार भुमीको उपभोग गर्ने गराउने निति अवलम्बन गरिने छ ।

(१५४) चौकुनेका अधिकांश जनताले उपभोग गर्दै आएका भुमिहरु अस्थायी प्रकृतिका भएकाले तिनिहरुलाई स्थायी गरी करको दायरामा ल्याउन संघिय र प्रदेश सरकारसँगनागरीकले भोगचलन गरेका भुमिहरुलाई स्थायी बनाउनका लागि यथासक्य चाँडो भुमि नापजाँचको व्यवस्था मिलाई चौकुने सरकारलाई आवश्यक सहयोगको लागि माग गरिनेछ ।

(१५५) चौकुनेका जनताले भोगचलन गर्दै आएको जग्गा जमिनको मोहीयानी हकको आधारमा लालपुर्जा वितरण गर्ने व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ ।

(१५६) जग्गा बाँजो राख्ने प्रविधिलाई निरुत्साहित गर्न जग्गाको जग्गाधनिले अनिवार्य कुनै न कुनै तरिकाले जग्गाको वर्गिकरण अनुसार उपभोग गर्नुपर्नेछ । अन्यथा त्यस्ता जग्गाधनि र जग्गाहरु चौकुने गाउँपालिकाले सुचना जारी गरी उत्पादनशिलतामा लाग्न र लगाउन बाध्यात्मक निति अवलम्बन गर्नेछ ।

## पर्यटन

(१५७) चौकुने गाउँपालिकाको पर्यटन क्षेत्रहरुको अभिलेख तयार गरी तिनिहरुको आवश्यक स्तर उन्नती गर्दै **चौकुने पर्यटन - हाम्रो घर आगन**अभियान सञ्चालन गरिने छ ।

(१५८) गत आ.ब. मा निर्माण गरिएको पर्यटन क्षेत्रहरुको डकुमेन्ट्री मार्फत चौकुनेको पर्यटकीय क्षेत्रहरुलाई राष्ट्रिय अन्तराष्ट्रिय प्रचार प्रसारको लागि आवश्यक पहल गरिने छ ।

(१५९) चौकुनेको पर्यटनलाई जल पर्यटन र स्थल पर्यटनमा विभाजन गरी जल पर्यटन र स्थल पर्यटनको विकास, प्रचार - प्रसारका लागि विभिन्न पर्यटन उद्यमिहरुसँगको सहकार्यमा पर्यटन व्यवसायलाई अगाडी बढाईनेछ ।

(१६०) भेरी तथा कर्णाली नदिमा ऱ्याफि्टिङ सञ्चालन गर्न आवश्यक स्थानहरुमा सडक सञ्जाल विस्तार गर्ने निति अवलम्बन गरिने छ । यसका लागि चौकुनेका केही युवाहरुलाई ऱ्याफि्टङ वोर्ड गार्ड तालिम प्रदान गरिने छ ।

(१६१) चौकुनेका बन जंगलहरुको उचित विकास गरी जैविक विविधतालाई संरक्षण गरी जंगल सफारिका लागि आवश्यक पुर्वाधार तयार गर्न निति अवलम्बन गरिनेछ ।

## उद्योग तथा बाणिज्य

(१६२) चौकुनेमा सञ्चालित परम्परागत घरेलु उद्योगहरुलाई आधुनिकीकरण गर्दै नागरिकहरुको पेशा व्यावसायलाई सम्मान साथ प्रबद्धन गर्न निति अख्तियार गरिने छ ।

(१६३) **चौकुनेको धन - चौकुनेको बन** को नारालाई सदुपयोग गर्दै चौकुने वासी नागरीकलाई साच्चिकै बनका मालिक बनाउन, बन पैदावारमा आधारित उद्योगहरु स्थापना गर्न गराउन आवश्यक निति अवलम्बन गरिनेछ । साथै चौकुनेको बनबाट निकासी भएको काठ चौकुनेकै उपभोग र सदुपयोगको लागि अधिकतम प्रयोग गर्ने निति अबलम्बन गरिनेछ ।

(१६४) चौकुनेका विभिन्न बस्तिहरुमा दुना - टपरी उद्योग, सिन्का उद्योग, बेसार उद्योग, मैन उद्योग, सावुन उद्योग जस्ता उद्योगका लागि लगानी मैत्री वातावरण तयार गरिनेछ ।

(१६५) राष्ट्रिय गौरवको चौकुने सिमेन्ट खानीको व्यवस्थापन र सञ्चालनका लागि अध्ययन अनुसन्धान सहित संघिय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

(१६६) चौकुने क्षेत्रभित्र आयमुलक उद्योग सञ्चालन गर्न चाहाने उद्यमी व्यावसायीहरुको लागि सरकारले शसर्त आंशिक अनुदानको व्यवस्था गर्नेछ । यसका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

(१६७) जडिबुटिमा आधारीत उद्योगहरु सञ्चालन गर्न सम्भाव्यता अध्ययनको प्रक्रिया अगाडी वढाईनेछ ।

## हवाई यातायात

(१६८) प्रत्येक वडामा आकस्मिक हेलीकप्टर अवतरणका लागि ठाउँ छुट्याई उक्त ठाउँलाई हेलीकप्टर बस्न सक्ने पुर्वाधारको रुपमा विकास गरिनेछ । र साथै चौकुने गाउँपालिका क्षेत्रभित्र एयरपोर्ट सञ्चालनका लागि आवश्यक सम्भाव्यता अध्ययन गरी त्यस्तो ठाउँ एयरपोर्टका लागि छुट्याई संरक्षित गरीनेछ ।

## वित्तिय क्षेत्र

(१६९) चौकुने गाउँपालिकाको वित्तिय क्षेत्रलाई उत्पादनशिल लगानीमैत्री बनाउन विभिन्न वित्तिय संघ सस्थाहरुसञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

(१७०) चौकुने गाउँपालिकाको वित्तिय कोषलाई व्यवस्थित गर्न र निजि पुंजीलाई पनि सम्रक्षकत्व प्रदान गर्न वित्तिय समावेशीकरण अन्तर्गत राष्टबैंकले खटाएको लक्ष्मी बैंकको शाखा आगामी आ.ब. देखि सुरु हुनेगरी व्यवस्था गरिनेछ ।

## बन, वातावरण तथा विपत व्यवस्थापन

(१७१) हरीयो बन चौकुनेको धन भन्ने मुल नाराका साथ चौकुनेको आर्थिक समृद्धिलाई टेवा पुऱ्याउन र दिगो विकासको अवधारणालाई आत्मसाथ गर्दै बन तथा वातावरण क्षेत्रको संरक्षण, सम्बद्धनको लागि तपसिल बमोजिमका कार्यक्रमहरु अघि सारेको छु ।

(१७२) स्वच्छ भए वातावरण स्वच्छ हुन्छ जिवन भन्ने अभिप्रायका साथ बन वातावरण संरक्षण, संबद्धन, सदुपयोग र उपभोग सम्बन्धि आवश्यक निति, नियम र कानुन बनाईनेछ । चौकुने क्षेत्रभित्रका वोट विरुवा, पशुपंक्षि लगायत अन्य जैविक विविधताको अध्ययन अनुसन्धान अभिलेखीकरण गरी यसको बैज्ञानिक व्यवस्थापनलाई ध्यान दिइनेछ ।

(१७३) गत आवको हरित चौकुनेको नारालाई सार्थक रुप दिन स्थापना गरिएका प्रत्येक वडाका नर्सरीहरुलाई अझ व्यवस्थित गर्दै नांगा डाडापाखाहरु र आफ्नै घर आगनमा एक घर ५१ विरुवा बृक्षारोपणको अभियान सञ्चालन गरिने छ ।

(१७४) चौकुने क्षेत्रभित्रका सामुदायीक बन उपभोक्ता समितिहरुलाई नियमन र अनुगमन गरी उनीहरुको कोषमा भएको बजेटलाई चौकुने समृद्धिको क्षेत्रमा लगानी गर्न निर्देश गरिनेछ ।

(१७५) चौकुनेका सामुदायीक तथा राष्टिय बनवाट कार्ययोजना विपतिर हुनेगरेका काठ कटटानका क्रियाकलापहरु यथासिघ्र बन्द गराउन पहल गरिने छ ।

(१७६) बन पैदावारमा आधारीत उद्योगहरु सञ्चालनका लागि आवश्यक व्यवस्था, निति कानुन तय गरिनेछ ।

(१७७) चौकुनेका वस्तीवस्तीमा पर्यटन .पार्क वाल उद्यान निर्माण गर्न  नागरीकहरुलाई प्रोत्साहन गरिने छ ।

(१७८) चौकुने क्षेत्रभित्रको सामुदायीक बन र गाउँपालिकाको सह लगानीमा प्रदेश सरकारसँग आवश्यक सहयोग माग गरी वोटानिकल गार्डेन निर्माण गर्ने प्रस्ताव गरेको छु ।

(१७९) चौकुने भित्रका पुर्वाधार विकासका हरेक संरचनाहरुलाई बातावरण मैत्री बनाउने लक्ष राखिने छ । र साथै चौकुनेको वन जंगललाई चौकुने अर्थतन्त्रको मुल आधारको रुपमा विकास गर्ने निति अवलम्बन गरिने छ ।

(१८०) बन तथा बस्तीहरुलाई आइपर्न सक्ने प्राकृतिक जोखिमबाट बचाउन चौकुने गाउँपालिकाले खोला खोल्सा र नदि किनारामा तटबन्धन र वृक्षरोपणको प्रस्तावलाई अघि वढाएको छ । र साथै विपत व्यवस्थापन र  जोखिम न्युनिकरणका लागि चौकुने विपत व्यवस्थापन दस्तालाई आवश्यक परामर्श र तालिम प्रदान गरिने छ ।

(१८१) विश्वमा बढीरहेको ग्लोवल वार्मिग लाई न्युनिकरण गर्न केही हदसम्म हाम्रो पनि भुमिका रहने भएकाले जलवायु परिवर्तन सम्बन्धि जनचेतना फैलाउने र वातावरण मैत्री व्यावहार, क्रियाकलाप र व्यावसाय गर्ने निति अवलम्बन गरिने छ ।

## फोहोरमैला तथा ढल व्यवस्थापन

(१८२) चौकुने गाउँपालिकाको दिगो शहरी विकासलाई मध्यनजर गर्दै भौगोलिक नक्सा (GIS Map)को सहायताले चौकुने क्षेत्र भित्रका बस्तीहरुको फोहोरमैलालाई बर्गिकरण गरी उपयुक्त स्थानमा डम्पींग गरी फोहोरको उचीत व्यवस्थापन गरिने छ ।

(१८३) प्लाष्टिजन्य व्यागहरु र फोहोरमैलाई निस्देज पार्ने उद्देश्यका साथ प्लाष्टिक व्याग प्रतिवन्ध निति अवलम्बन गरिने छ । र साथै मानिसको भिडभाड हुने सार्वजनिक स्थलमा फोहोर मलाई को व्यवस्था गरिने छ । र प्रत्येक घरलाई घरेलु फोहोरमैला व्यवस्थापनका लागि डसविन राख्न अनिवार्य व्यवस्था गरिने छ ।

(१८४) स्वच्छ वातावरणका लागिग प्लाष्टिक जन्य पदार्थहरु अति नै घातक हुने भएकाले प्रत्येक नागरीकले खरिद विक्रि गर्न जाँदा आफ्नो झोला बोकेर जानुपर्ने वाध्यात्मक निति अवलम्बन गरिनेछ ।

## संस्थागत विकास

(१८५) गत आब को डिजीटल चौकुने बनाउने नितिलाई यस आबमा पनि निरन्तरता  दिई आवश्यक बजेट विनियोज गरेको छु ।

(१८६) मुस्कान सहितको सेवा संस्थागत विकासमा टेवा भन्ने अभिप्रायका साथ चौकुनेमा रहेका सार्वजनिक संस्था, सहकारी संस्था र निजी संस्थाहरुको सेवालाई प्रभावकारी र पारदर्शी बनाउन देहाय बमोजिमका निति कार्यक्रम तथा बजेट तय गरेको छु ।

(१८७) कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि नितिगत, चेतनामुलक र प्रविधिमाा आधारित विभिन्न कार्यशाला गोष्ठि, सेमिनार, ग्रुप डिस्कसन सेमीनार, तालीम र भ्रमण अवलोकनका कार्यक्रम सञ्चालन गरिने छ ।

(१८८) १० ओटै वडाका वडा कार्यालयमा कम्प्यूटर मार्फत सेवा सुविधा प्रवाह गर्नका लागि आवश्यक निति ल्याएको छु ।

(१८९) वडा कार्यालय व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा Computer Lab, Internetव्यवस्थ गर्न आवश्यक बजेट विनियोजन गरेको छु । र साथै प्रत्येक वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई सुचना प्रविधि (ICT)तालिम दिई सेवा प्रवाहलाई अझ प्रभावकारी वनाईनेछ ।

(१९०) नागरीकको जानकारी र सूचनाका लागि प्रत्येक निजि तथा सार्वजनिक संस्थाहरुलाई नागरीक बडापत्र, नागरीक सुचना वोर्ड, नागरीक गुनासो पेटीका व्यवस्थापन गर्ने वाध्यात्मक निर्देशन जारी गरिनेछ । र साथै गाउँपालिकाले आफ्नो १० वटै वडा र गाउँपालिकामा नागरीक वडापत्रको व्यवस्था गरी गाउँपालिका अन्तर्गत रहेका विभिन्न शाखाहरुलाई अझ व्यवस्थित र पारदर्शि बनाई सेवा ग्राहिलाई मुस्कान सहितको सेवा दिन अभिप्रेरित गरिनेछ ।

(१९१) गत आ.ब. मा गाउँपालिकाले नियुक्ति दिएका कर्मचारीहरुको कार्य मूल्यांकनको आधारमा यस आ.ब. मा पनि निरन्तरता दिईनेछ ।

(१९२) चौकुने गाउँपालिका भित्र रहेका सार्वजनिक संस्थाहरुलाई प्रविधि मैत्री बनाउन समन्वय गरिनेछ ।

(१९३) १० ओटै वडामा कम्तिमा १ जना कर्मचारीलाई कम्प्युटको आधारभुत ज्ञान तालिम दिइनेछ । त्यसका लागि गाउँपालिकाले तालिम प्याकेज वनाई लागु गरीने छ । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

**सुरक्षा व्यवस्थापन**

(१९४) चौकुने गाउँपालिकाका मदिरा निशेधित क्षेत्र गराउने निति अवलम्बन गरिने छ र वाध्यताले घरेलु मदिरा उत्पादन गर्नेहरुलाई अन्य व्यावसायी कार्यमा आवद्ध गराउन व्यावसायी प्रोत्साहन तथा सिपमुलक कार्यक्रम लागनु गरिने छ ।

(१९५) चौकुने गाउँपालिका भित्रका बस्तिहरुको सुरक्षा चुनौतीलाई न्युनिकरण गर्न टोल सुरक्षाा समिति गठन गरि विकृत क्रियाकलापहरुलाई निरुत्साहित गर्ने परीपाटी मिलाईनेछ । साथै अस्थायी

पुलिस पोष्ट नभएको बस्तीहरुमा अस्थायी पुलिस पोष्ट विस्तारका लागि यथाशिघ्र चाडो पहल गरिने छ ।

(१९६) महिला हिंसा न्युनिकरणका लागि महिला पुरुष मिलिजुली अभियान सञ्चालन गरी सोच र व्यावहारमा सकारात्मक परिवर्तन ल्याउन प्रयत्न गरिनेछ ।

**सुचना प्रविधि**

(१९७) चौकुने गाउँपालिकाका नागरीकको सुचना प्रविधिमा पहुँच विस्तार हुने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ । यसका लागिउपयुक्त समयमाचौकुने एफ. एम सञ्चालन गर्ने नितिलाई निरन्तरता दिएको छु ।

**पञ्जीकरण व्यवस्थापन**

(१९८) चौकुने गाउँपालिकामा सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणाली(VERSP - MIS)लाई व्यवस्थित गर्नका लागि पहल गरिनेछ ।

(१९९) पञ्जीकरण व्यावस्थापन गर्नका लागि सामाजिक सुरक्षा तथा घटना दर्ता(VERSP - MIS) Online Data Entry लाई १० ओटै वडामा लागु गर्नका लागि तालिम, प्रशिक्षणतथा लागु गर्न आवश्यक पहल गरिनेछ ।

**शुसासन प्रवद्धन**

(२००) चौकुने गाउँपालिकामा सुशासन, सदाचार र भ्रष्टाचार नियन्त्रण गरी पारदर्शिता कायम गर्न आवश्यक विधि र प्रक्रिया अपनाईनेछ । यसका लागि सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, रेडीयो कार्यक्रम, अन्तक्रिया कार्यक्रम, जनप्रतिनिधि आचार संहिता, उपभोक्ता व्यवस्थापन कार्यविधि, टोल सुधार समिति, भौतिक पुर्वाधार निर्माण सम्बन्धि कानुन तर्जुमा जस्ता क्रियाकलाप सञ्चालन गरिने छ ।

**स्थानिय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन**

(२०१) चौकुने गाउँपालिकाको विकासका सुचकांक र मानव विकासका सुचकहरुको यथार्थ अवस्था थाहा पाउन विभिन्न फर्महरु निर्माण गरि तथ्यांक संकलन अभियान सञ्चालन गरिने छ । र उक्त तथ्यांकहरुको अभिलेखिकरण गर्न तथ्यांक संकलन केन्द्रको स्थापना गरिनेछ ।

(२०२) अध्यक्ष महोदय अब म क्षेत्रगत निति तथा कार्यक्रमका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

(२०३) आगामी आर्थिक बर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा कुल रकम रु. ३० करोड १६ लाख ९७ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ ५ करोड

अर्थात .......... प्रतिशत र पुजीगत तर्फ १३ करोड ३८ लाख ५७ हजार अर्थात .............. प्रतिशत रहेको छ। साथै शसर्त अनुदान तर्फ ११ करोड ३२ लाख विनियोजन गरेको छु।

(२०४) आगामी आर्थिक बर्षको लागि अनुमान गरीएका खर्चको व्यवस्थापन तपसिल बमोजिमका श्रोतहरुबाट व्यवस्थापन गर्ने रणनीति अख्तियार गरिएको छ।

आन्तरीक राजश्व बाट २० लाख संघिय समानिकरण अनुदान ९ करोड ५३ लाख अल्या ................ प्रदेश समानिकरण अनुदान ५२ लाल २३ हजार अन्य केही भए खुलाउने।

(२०५) अध्यक्ष महोदय, अव म आर्थिक बर्ष ०७५।०७६ को राजश्व परिचालनको निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

(२०६) करदाता, लगानीकर्ता र आमनागरीकले अपेक्षा गरेको आदर्श कर प्रणाली बाट अभिप्रेरीत भएर आगामी वर्षको राजश्व निति तथा कार्यक्रमको उद्देश्यहरु निम्न प्रकार प्रस्तुत गर्दछु।

क) सवै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने ,

ख) कर प्रणाली व्यवस्थीत गरी उत्पादन मुलक उद्योग र व्यावसायको प्रवद्धन गर्ने।

ग) करको संरचना र करका दरहरुको समय सापेक्ष सुधार गरी प्रगतिशिल र समन्यायीक कर प्रणाली विकास गर्ने।

घ) राजश्व प्रशासनमा सुधार गर्ने।

ङ) कर कानुनको पालना गर्न र गराउन लगाई राजश्व छलि तथा चुहावट नियन्त्रण गर्ने।

च) गैह्र कर राजश्वको क्षेत्र विस्तार गर्ने।

(२०७) सम्माननीय अध्यक्ष महोदय, अब म आगामी बर्षको राजश्वको दर सम्बन्धि प्रस्ताव र कर प्रणालीको सुधारको कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

- प्रत्यक्ष कर
- अप्रत्यक्ष कर

**कर प्रशासन**

(२०८) कर प्रशासनलाई व्यवस्थित गर्न आगमी आ.ब देखि चौकुने गाउपालिकाको राजश्व साखा स्थपना गर्ने प्रस्ताव पेश गरेको छु। साथै उक्त शाखा स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

(२०९) सम्माननीय अध्यक्ष महोदय, आर्थिक बर्ष ०७४।०७५ को खर्च, आ.व ०७४।०७५ को संशोधिन अनुमान, आ.व ०७५।०७६ अनुमानित आय व्ययको विवरण योजना तथा कार्यक्रम र रकम सहित अनुसूचिहरुमा उल्लेखित गरेको छु ।

(२१०) सम्माननीय अध्यक्ष महोदय मैले पेश गरेको बजेटले चौकुनेको सामाजिक, आर्थिक तथा भौतिक क्षेत्रहरुमा निर्माण र नवनिर्माणले द्रुत गती पाई नागरीकहरुले आर्थिक, सामाजिक र भौतिक क्षेत्रमा सकारात्मक परिवर्तनको महशुस गर्ने मेरो विश्वास रहेको छ । साथै उद्यमशिलताको जगमा अर्थतन्त्र गतिशिल हुँदै एउटा बृहत्तर आर्थिक आधार तयार हुने र विकास तथा सम्मृद्धिको यात्रा श्रीगणेश हुने विश्वास लिएको छु ।

(२११) सम्माननीय अध्यक्ष महोदय, यो बजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्नुहुने सभाका सम्पुर्ण सदस्य ज्यूहरु, कर्मचारी, उद्यमी, व्यापारी, शिक्षक, बुद्धिजिवी, विभिन्न संघ संस्था चौकुने वासि जनता संघिय संसद र प्रदेश संसदका माननिय सांसद ज्यूहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । र मेरो बजेट बक्तब्य पनि समाप्त भएको जानकारी गराउन चाहान्छु ।

**बजेट कार्यान्वयन**

**(२१२)** विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनको लागि सम्पूर्ण क्षेत्र, तह र तप्काको जन परिचालनलाई व्यवस्थित, मर्यादित र विकास प्रेमी भावनाले अगाडी वढाइनेछ ।

(२१३) प्रतिफलमा आधारित अनुगमन प्रणालीलाई संस्थागत गर्न आगामी आ.ब. देखि अनुगमन कार्यविधि बनाई लागु गरिने छ । र सोही अनुसार अवलोकन, अनुगमन गरिनेछ । अनुगमन प्रतिवेदनको आधारमा मात्र गाउँपालिकाले योजनाको भुक्तानी गर्ने गराउने निति अवलम्बन गर्नेछ ।

**नमस्कार**

**जय चौकुने**